जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९  स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१  अंक १७७  २०७८ साल माघ २९ गते शनिबार  (12 Feb. 2022 Saturday)  मूल्य रु. ५/-

सार्वजनिक पद र जिम्मेवारीमा रहेका व्यक्तिहरुले शक्तिको दुरुपयोग गरी गर्ने गैरकानूनी आर्जन भ्रष्टाचार हो ।

भ्रष्टाचार विरुद्ध सचेत होऔं । भ्रष्टाचार भएको शंका लागेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : अझै एघार लाख बालबालिका... ३ पृष्ठमा : निर्वाचनका लागि थप ४० अर्ब माग... ३ पृष्ठमा : नर्वे र टर्कीको छिट्टै...


# १२ वर्ष पूरा नभएका विद्यार्थीलाई आलोपालो कक्षा संचालन गर्न आदेश

**दैनिक समाचारदाता**
**राजविराज, २८ माघ ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले फागुन १ देखी जिल्लाका सबै विद्यालयलाई १२ वर्ष पूरा नभएका विद्यार्थीका लागि आलोपालो कक्षा संचालन गर्न आदेश जारि गरेको छ।

कोरोनाको जोखिमलाई ध्यानमा राख्दै जिल्ला प्रशासन कार्यालय सप्तरीले शुक्रबार उक्त आदेश जारि गरेको हो।

कोभिड १९ को नयाँ भेरियन्ट ओमिक्रोनसहितको संक्रमणको जोखिम कायमै रहेकाले संक्रमण ऐन २०२० को दफा २, स्थानिय प्रशासन ऐन २०२८ को दफा ३ ले दिएको अधिकार प्रयोग गरि जिल्लामा फागुन १ देखी लागु हुने गरि १२ वर्ष पूरा नभएका विद्यार्थीको हकमा आलोपालो दिनमा कक्षा संचालन गर्ने प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमद्वारा जारि आदेशमा उल्लेख छ।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
राजविराज, सप्तरी

प.सं. २०७८/०७९ (प्रशा.)
च.नं.

**जिल्ला प्रशासन कार्यालय, सप्तरीबाट जारी आदेश**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को नयाँ भेरिएण्ट ओमिक्रोन सहितको संक्रमण नेपालमा समेत बढ्दै गएको सन्दर्भमा सोको रोकथाम, नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी बनाउन नेपाल सरकार मन्त्रिपरिषद्को मिति १०७८।०९।२० गतेको निर्णयबाट जारी आदेश, संक्रामक रोग ऐन, २०२० को दफा २, स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८।१०।२९ गते राती १२:०० बजे देखि अर्को सूचना नभएसम्म लागू हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको व्यहोरा अनुरोध छ।

**तपशिल:**

१. डान्स बार, दोहोरी, नाच घर, लाउन्ज, पब, क्लब, लगायतका रात्रिकालीन व्यवसाय, सिनेमा हल, हेल्थ क्लब, जिम खाना स्विमिङ पुल तथा फुटसल जनस्वास्थ्य र सुरक्षाको मापदण्ड परिपालना गर्ने गरी फाल्गुन १ गतेबाट राती १० बजेमा नबढ्ने गरी संचालन गर्ने। साथै बैठक, भेला, मेला, बिवाह, ब्रतबन्ध महोत्सव जस्ता भिडभाड हुने कार्यक्रम संचालन गर्दा जनस्वास्थ्यका मापदण्ड पूर्ण पालना गर्ने गरी गर्ने।
२. विश्वविद्यालय, विद्यालय, ट्युशन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलापहरु जनस्वास्थ्य र सुरक्षाको मापदण्ड पालना गरी २०७८ फाल्गुन १ गतेबाट संचालन गर्ने। विद्यालय संचालन गर्दा १२ वर्ष पुरा भएका विद्यार्थीका हकमा नियमित रुपमा तथा १२ वर्ष पुरा नभएका विद्यार्थीका हकमा आलोपालो दिनमा कक्षा संचालन गर्ने।
३. पार्टी प्यालेसहरु जनस्वास्थ्यका मापदण्डहरू पालना गर्दै एक पटकमा कुल क्षमताको बढीमा पचास प्रतिशत वा १०० जना नबढ्ने गरी संचालन गर्ने।
४. खेलकुद कार्यक्रम संचालन गर्दा एक पटकमा कुल दर्शक क्षमताको पचास प्रतिशत मात्र उपस्थित रहने गरी जनस्वास्थ्यको मापदण्ड तथा सम्बन्धित खेलको अन्तर्राष्ट्रिय प्रोटोकोल परिपालन गरी संचालन गर्ने।
५. खोप कार्ड हराएका व्यक्तिहरुलाई खोप कार्डको प्रतिलिपी जनस्वास्थ्य कार्यालय सप्तरीले उपलब्ध गराउने छ।
६. मिति २०७८।१०।०६ गते र २०७८।१०।१७ गते जारी गरिएका आदेशहरु खारेज गरिएको छ।

प्रमुख जिल्ला अधिकारी

जारि आदेशमा १२ वर्ष पूरा भएका विद्यार्थीको हकमा भने नियमित कक्षा संचालन गर्न पाउने उल्लेख गरिएको छ। विश्व विद्यालय, विद्यालय, ट्युशन सेन्टर, तालिम वा अन्य प्रकारको शैक्षिक क्रियाकलापहरु जनस्वास्थ्य र सुरक्षा मापदण्डको पूर्ण पालना गरि संचालन गर्न पाउने जारि आदेशमा भनिएको छ।

यस्तै पार्टी प्यालेश र खेलकुद कार्यक्रमहरुमा जनस्वास्थ्य मापदण्डको पूर्ण पालना गर्दै एक पटकमा कुल क्षमताको बढीमा ५० प्रतिशत भन्दा बढी नहुने गरि संचालन गर्न, डान्स बार, दोहरी, नाच घर, पब, क्लबलगायतका रात्रीकालिन व्यवसाय सिनेमाघर, हेल्थ क्लब, जिमखाना, स्विमिङपुल तथा फुटसल जनस्वास्थ्य र सुरक्षाको मापदण्ड परिपालना गर्ने गरि मात्र फागुन १ गतेबाट राती १० बजेमा नबढ्ने गरि संचालन गर्ने जिल्ला प्रशासन कार्यालयद्वारा जारि आदेशमा उल्लेख गरिएको छ।

# स्वास्थ्य संस्थालाई पिपिई किट प्रदान




**दैनिक समाचारदाता**
**राजविराज, २८ माघ ।**

सप्तरीको चार वटा स्वास्थ्य संस्थालाई शुक्रबार पिपिई किट प्रदान गरिएको छ।

सेभ द चिल्ड्रेनको सहयोगमा सेभ द सप्तरीको आयोजनामा सप्तरीको राजविराजमा आयोजित स्वास्थ्य संस्था हस्तान्तरण कार्यक्रममा जिल्लाको तिलाठी कोईलाडी स्वास्थ्य चौकी, तोपा प्राथमिक स्वास्थ्य केन्द्र, लौनियाँ स्वास्थ्य चौकी र सखडा स्वास्थ्य चौकीलाई पिपिई किट प्रदान गरिएको हो।

सेभ द सप्तरीको कार्यक्षेत्रमा रहेका ४ वटै स्वास्थ्य चौकी/बर्थिङ सेन्टरहरुलाई गर्भवती गराउन र कोभिड १९ बाट जोगिनका लागि प्रत्येक स्वास्थ्य संस्थालाई ७५/७५ वटा गरि ३ सय पिस पिपिई किट प्रदान गरिएको सेभ द सप्तरीका स्वास्थ्य फिल्ड अधिकृत बिष्णुकान्त देवले जानकारी दिएका छन्।


सेभ द सप्तरीका अध्यक्ष ध्रुव प्रसाद देवको अध्यक्षतामा स्वास्थ्य संस्था हस्तान्तरण कार्यक्रममा करिब ९ लाख ७६ हजार ३ सय २० रुपैया मुल्य बराबरको पिपिई किट प्रदान गरिएको जनाइएको छ।

यस्तै चार वटा पालिकाको बिष्णुपुर, छिन्नमस्ता, तिलाठी कोइलाडी र राजविराज

*बाँकी तीन पृष्ठमा*




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# सावधानीपूर्वक सवारी चलाऔं, दुर्घटनाबाट जोगिन सचेत रहौं

जहिले पनि सवारीसाधन सावधानीपूर्वक चलाउनु पर्छ । हुन त दुर्घटना भनेकै भवितब्य हो । यो कसैलाई भनेर वा जानी जानी हुने होइन् । सप्तरीमा अहिले सडक दुर्घटना बढेको छ । प्राय दुर्घटना चालकको लापरवाही त कहिलेकाही बाटोघाँटोको समस्याले पनि हुने गर्दछ । राम्रो बाटो हुने स्थानमा चालकको लापरवाहीका कारण बढी दुर्घटना हुने गरेको पाइएको छ । यसका लागि आफै सचेत हुनु आवश्यक छ । कहिले काँही आफू सचेत रहँदा रहँदै पनि अचानक दुर्घटना हुन पुग्छ ।

अहिले जिल्लाका अधिकांश सडकहरु निर्माण वा मर्मतका क्रममा रहेका छन् । त्यसमा पनि निर्माण भइसकेका सडकहरुमा बढी दुर्घटना हुने गरेको छ । बढी गतिमा सवारी चलाउने कारणले उक्त दुर्घटना हुने गरेको पाइएको छ । यी बाहेक बढी सवारी दुर्घटना अत्याधिक गतिका साथै मोवाइलमा कुरा गर्दै तथा मादक पदार्थ सेवन गरि चलाउने गरेको पाइएको छ ।

तसर्थ सवारीसाधन चलाउँदा चालक आफै सतर्क तथा संयमित हुनु पनि उत्तिकै आवश्यक छ । सवारीको गति नियन्त्रणदेखी लिएर आफ्नो साइडमा चलाउन सकिए दुर्घटनालाई न्युनिकरण समेत गर्न सकिन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# अझै एघार लाख बालबालिका श्रम गर्न बाध्य

काठमाडौं, २८ माघ (रासस) ।

नेपालमा पछिल्लो दशकमा बालश्रमको स्थितिमा सुधार त आएको छ तर अहिले पनि इँटाभट्टा, गलैंचा कारखाना र मनोरञ्जनलगायतका क्षेत्रमा ११ लाख बालबालिका बालश्रम गर्न बाध्य छन्तैस् । राष्ट्रिय योजना आयोगको केन्द्रीय तथ्याङ्क विभाग र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको संयुक्त प्रतिवेदन, २०21 का अनुसार पाँचदेखि १७ वर्ष उमेर समूहका कूल ७० लाख बालबालिकामध्ये ११ लाख अर्थात् १५ दशमलव तीन प्रतिशत बालबालिका बालश्रमिक छन् । सन् २००८ मा १६ लाख बालबालिका बालश्रमिक रहेका थिए ।

राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशक मिलनराज धरेलले बालश्रमिक घट्नुमा सरकारले ल्याएका उचित नीति र बालबालिकाको क्षेत्रमा काम गर्ने बिभिन्न संस्थालगायत सचेत नेपालीको महत्वपूर्ण योगदान रहेको बताउनुभयो । कार्यकारी निर्देशक धरेलले बालश्रम निर्मूल पार्न निरन्तर साझा प्रयास हुनुपर्नेमा जोड दिनुभयो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव गुरूदत्त सुवेदीले बालश्रम अन्त्यका लागि हरेक क्षेत्र, समाज, परिवारले आफ्नो दायित्व निर्वाह गर्नुपर्ने बताउनुभयो ।

सरकारले बालबालिकाको सवाललाई अझ महत्वका साथ कार्यान्वयन गर्न, गराउन साविक केन्द्रीय बाल कल्याण समितिको अधिकार र कार्यक्षमतालाई थप विस्तार र व्यवस्थित गर्दै राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी तथा प्रोबेशन अधिकारीको कानुनी व्यवस्था गरेको छ । बालबालिकासम्बन्धी ऐन, २०७५ मा ती प्रबन्ध गरिएका छन् ।

हाल प्राथमिक तहको खुद भर्नादर ६४ प्रतिशतबाट बढेर ९७.१ प्रतिशत पुगेको छ । आधारभूत तथा माध्यमिक शिक्षामा छात्रछात्राको अनुपात क्रमश: ०.४३ बाट बढेर ०.९८ र ०.४३ बाट बढेर १.०१ पुगेको छ । यसैगरी नवजात शिशु, शिशु तथा बाल मृत्युदरमा उल्लेख्य सुधार भई क्रमश: प्रतिहजारमा ५० बाट १६ मा, १०८ बाट २५ मा, १६२ बाट २८ मा झरेको छ ।

परिषद्ले प्रकाशन गरेको 'नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७७' ले सबै बालबालिकाको गुणस्तरीय शिक्षा र स्वास्थ्यमा सहज पहुँच नहुनु, मनोरञ्जन, बाल सहभागिता, बालमैत्री वातावरणको कमीमा विकास र संरक्षण हुन नसक्नु, अझै पनि बालश्रम, सडक बालबालिका, बालविवाह, हिंसा, शोषण, यौन दुर्व्यवहार, बलात्कार, हत्या, अनधिकृत ओसारपसारको अवस्था विद्यमान रहनु समस्या रहेको जनाएको छ ।

यस्तै असहाय, अनाथ तथा अपाङ्गता भएका बालबालिकाको संरक्षण तथा उचित व्यवस्थापन हुन नसक्नु, कानुनको विवादजस्ता समस्याको प्रभावकारीरूपमा सम्बोधन हुन नसक्नु तथा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको सरल, सहज र तत्काल व्यवस्थापन गर्न नसक्नुजस्ता समस्या विद्यमान रहेको परिषद्को प्रतिवेदनमा जनाइएको छ ।

नेपाल श्रमशक्ति सर्वेक्षण २०७४/७५ (सन् २०१७/०१८) अनुसार १७ वर्षमुनिका दुई लाख ८६ हजार बालबालिका आर्थिकलाभको कार्यमा संलग्न भएको देखिएको छ । नेपाल सरकारले सडक बालबालिका संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ जारी गरी काठमाडौं उपत्यकामा 'बालबालिका सडकमा बस्नु पर्दैन, सडकमा बस्न हुँदैन' भन्ने उद्घोषका साथ सञ्चालन गरिएको कार्यक्रमले सफलता पाएको थियो । त्यही सफलतामा टेकेर सरकारले आर्थिक वर्ष २०७७/७८ भित्र सडक बालबालिकामुक्त राष्ट्र बनाउने उद्देश्य लिएको छ । परिषद्ले आव २०७६/७७ मा जम्मा ५७४ सडक बालबालिकाको (बालक ४६५ र बालिका १०९) उद्धार गरी संरक्षण तथा पारिवारिक पुन:मिलन र पुन:स्थापनाको व्यवस्थापन गरेको छ ।

कार्यकारी निर्देशकले धरेलले अनाथ, असहाय, असक्त, बाबुआमाविहीन, जोखिममा रहेका, सडक बालबालिका एवं आधारभूत अधिकारबाट बञ्चित बालबालिकाको उचित संरक्षण र व्यवस्थापन गरी उनीहरूको भविष्य सुनिश्चित गर्नु टड्कारो चुनौती रहेको बताउनुभयो ।

कोभिड-१९ को महामारीबाट बालबालिकाको शिक्षा, स्वास्थ्य तथा संरक्षणमा परेका बहुआयामिक समस्याको उचित सम्बोधन गर्नुपर्ने जिम्मेवारी पनि राज्यलाई बढेको स्थितिमा परिषद्ले मनोसामाजिक परामर्शलगायतका कार्यक्रम सञ्चालन भइरहेको छ । परिषद्ले नि:शुल्क टेलिफोन नम्बर १०४ मार्फत बालबालिबा खोजतलास केन्द्र पनि सञ्चालन गर्दै आएको छ । मनोपरामर्शका लागि १०९८ मार्फत सेवा दिइरहेको छ ।

स्वतन्त्रता नेपाल अभियानका कार्यकारी सचिव रितु भट्ट (राई)ले बालबालिका बालश्रममा जानबाट रोक्नका लागि बालबालिका आश्रित परिवार सबल हुनुपर्ने बताउनुभयो । अभियानले विश्व शिक्षालगायतका संस्थासँगको सहकार्यमा बालश्रमका विषयमा वकालत गर्दै आएको छ ।

विश्व शिक्षाका राष्ट्रिय निर्देशक हेलेन शेर्पाले कोरोना महामारीका कारण पनि अभिभावक गुमाएका तथा घरको अर्थावस्था कमजोर भएका बालबालिका श्रममा धकेलिने स्थिति देखिएको औंल्याउनुभयो । नेपालले संयुक्त राष्ट्रसङ्घको महासभाबाट १९८९ को नोभेम्वर २० मा पारित बाल अधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरेको तीन दशक पूरा भइसकेको छ । उक्त महासन्धिलाई नेपालले २०४७ भदौ २९ गते

# राष्ट्रिय गौरवका आयोजनामा न्यून खर्च

काठमाडौं, २८ माघ (रासस) ।

राष्ट्रिय गौरवका आयोजनामा विनियोजन गरिएकोभन्दा असाध्यै कम मात्रै बजेट खर्च भएको पाइएको छ । अर्थमन्त्रालयले गरेको चालु आर्थिक वर्ष २०७८/०७९ को अर्थवार्षिक समीक्षामा गौरवका आयोजनाअन्तर्गत सञ्चालित परियोजनाको खर्च न्यून भएको पाइएको हो ।

सरकारले चालु आर्थिक वर्षका लागि २५ वटा आयोजनालाई गौरवका आयोजनामा समावेश गरेको थियो । जसअनुसार ती योजनाका लागि रु ८२ अर्ब २४ करोड बढी बजेट बिनियोजन गरिएको थियो । विनियोजित बजेटमध्ये चालु आवको पहिलो छ महिनामा १६.३९ प्रतिशत मात्र बजेट खर्च भएको हो ।

तथ्याङ्कअनुसार राष्ट्रिय गौरवका आयोजनाका लागि चालुतर्फ रु तीन अर्ब ३८ करोड ४६ लाख, पूँजीगततर्फ रु ६६ अर्ब ४७ करोड र वित्तीय व्यवस्थापनतर्फ रु १२ अर्ब ३८ करोड ४६ लाख गरी रु ८२ अर्ब २४ करोड ४४ लाख बजेट विनियोजन गरिएको थियो । उक्त विनियोजन गरिएको बजेटअन्तर्गत चालु आर्थिक वर्षको पहिलो छ महिनामा चालुतर्फ रु एक अर्ब ३६ करोड ८० लाख, पूँजीगततर्फ रु ११ अर्ब ६३ करोड छ लाख र वित्तीय व्यवस्थापनतर्फ रु ४८ अर्ब ५० लाख गरी रु १३ अर्ब ४८ करोड ३६ लाख खर्च भएको छ ।

मन्त्रालयको तथ्याङ्कअनुसार पुष्पलाल (मध्य पहाडी) राजमार्ग आयोजनामा २४.१ प्रतिशत बजेट खर्च भएको छ । सो आयोजनाका लागि रु आठ अर्ब १३ करोड ३३ लाख बजेट बिनियोजन गरिएकोमा छ महिनाको अवधिमा रु एक अर्ब ९६ करोड ४६ लाखमात्र बजेट खर्च भएको छ । हुलाकी राजमार्गका लागि रु छ अर्ब ३९ करोड ४२ लाख बजेट विनियोजन भएकोमा हालसम्म रु दुई अर्ब ४४ करोड ९९ लाख खर्च भएको छ ।

उत्तर दक्षिण लोकमार्गका लागि रु एक अर्ब ११ करोड १४ लाख बजेट विनियोजन भएकोमा रु १५ करोड ९० लाख, उत्तर दक्षिण लोकमार्ग (कालीगण्डकी करिडोर मालढुङ्गा-राम्दी) परियोजनका लागि रु दुई अर्ब ४२ करोड ५५ लाख बजेट बिनियोजन गरिएकोमा रु ७७ करोड ७२ लाख र उत्तर दक्षिण लोकमार्गका लागि रु ५८ करोड ८९ लाख बजेटमध्ये रु पाँच करोड २६ लाख बजेट खर्च भएको छ ।

यस्तैगरी रेल मेट्रो रेल तथा मनोरेल बिकास आयोजनाका लागि रु छ अर्ब ५३ करोड २५ लाखमध्ये रु ९५ करोड ६२ लाख, काठमाडौं तराई मधेश द्रुत मार्गका लागि रु आठ अर्ब ९२ करोड ७९ लाखमध्ये रु एक अर्ब ४० करोड ८४ लाख, गल्छी त्रिशूली मैलुङ स्याफ्रुवेसी रसुवागढी सडक आयोजनाका लागि रु एक अर्ब ६२ करोड १७ लाखमध्ये रु ८२ करोड ५९ लाख खर्च भएको छ ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय बिमानस्थल आयोजनाका लागि रु तीन अर्ब ७२ करोड ८० लाखमध्ये रु १८ करोड ५० लाख खर्च भएको छ । यस्तै पोखरा अन्तर्राष्ट्रिय बिमानस्थल आयोजनाका लागि रु १३ अर्ब ४१ करोड २९ लाखमध्ये रु आठ अर्ब ५० करोड खर्च भएको छ । यस्तै पशुपति क्षेत्र बिकास कोषका लागि रु ३५ करोडमध्ये रु आठ करोड ५१ लाख, बूढीगण्डकी जलविद्युत् आयोजनाका लागि रु सात अर्ब ९९ करोड ५८ लाखमध्ये रु १८ करोड ६५ लाख खर्च भएको छ ।

# कांग्रेस स्थानीय तहको निर्वाचनको तयारीमा केन्द्रित

काठमाडौं, २८ माघ (रासस) ।

नेपाली कांग्रेस आगामी बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा केन्द्रित हुने भएको छ । सरकारको निर्णयको स्वागत गर्दै पार्टी सम्पूर्ण एकता र सक्रियताका साथ निर्वाचनमा केन्द्रित हुने कांग्रेसले जनाएको छ ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा बिहीबार बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा स्थानीय तहको निर्वाचनको तयारीका लागि निर्वाचन मूल तयारी समिति, घोषणापत्र तयारी समितिलगायत विभिन्न समिति गठन गर्ने प्रस्ताव प्रस्तुत गरिएको छ ।

यसैगरी सङ्गठन सुदृढीकरण एवं निर्वाचन तयारी केन्द्रित राष्ट्रव्यापी अभियान अघि बढाउने सम्बन्धमा समेत बैठकमा छलफल भएको पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । बैठकमा महामन्त्री विश्वप्रकाश शर्माले सभापति पद रिक्त भएका भ्रातृ एवं शुभेच्छुक संस्था तथा अन्य भ्रातृ एवं शुभेच्छुक संस्थालाई गतिशील तुल्याउने, विभिन्न भ्रातृ एवं शुभेच्छुक संस्थाको विधान स्वीकृत गर्ने, केही नयाँ भ्रातृ एवं शुभेच्छुक संस्थालाई मान्यता प्रदान गर्नेलगायत विषयका प्रस्ताव प्रस्तुत गर्नुभएको थियो ।

बैठकमा पार्टीको १४औं महाधिवेशन पश्चात् निश्चित गर्ने गरी अधिवेशनका क्रममा थाति राखिएका क्रियाशील सदस्यताको

*बाँकी तीन पृष्ठमा*

# निर्वाचनका लागि थप ४० अर्ब माग
## श्रोत व्यवस्थापन गर्छौं : अर्थमन्त्री

काठमाडौं, २८ माघ (रासस)।

चालु आर्थिक वर्षको बजेटमा निर्वाचनका लागि मात्रै रु १० अर्ब बराबरको व्यवस्था भए पनि रु ४० अर्ब बराबरको माग आएको छ। अर्थमन्त्रालयमा बिहीबार आयोजित चालु आवको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्दै अर्थमन्त्री जनार्दन शर्माले सो कुराको जानकारी दिनुभएको हो।

निर्वाचन राष्ट्रिय अभियान भएकाले त्यसका लागि साधन र स्रोत उपलब्ध गराउनु सरकारको दायित्व भए पनि आफूहरू चापमा रहेको उहाँको भनाइ छ। सरकारले आगामी वैशाख ३० गतेका लागि स्थानीय निकायको निर्वाचनको मिति घोषणा गरेको छ।

निर्वाचनका लागि बजेट व्यवस्थापन गर्न सरकार लागिपरेको जानकारी दिँदै अर्थमन्त्रीले बजेटको जोहो गरिने र निर्वाचन समयमै सम्पन्न गरिने बताउनुभयो। कानूनी एवं संरचनागत समस्याका कारण बजेटमा व्यवस्था भएबमोजिमको विकास बजेट खर्च हुन नसकेको भन्दै उहाँले जग्गा प्राप्ति तथा स्रोत नै उपलब्ध नभएको आयोजना राख्ने प्रवृत्ति पनि उत्तिकै जिम्मेवार रहेको उल्लेख गर्नुभयो।

योजनाको छनोटदेखि नै समस्या रहेको जानकारी दिँदै उहाँले राजनीतिक प्रभाव र दबाबमा राखिएका आयोजनाको पूर्वतयारीमा नै लामो समय लागेकाले पनि अपेक्षित प्रगति हुन नसकेको स्पष्ट पार्नुभयो। दक्ष जनशक्तिको अभाव तथा आयोजनामा जिम्मेवारी लिएकाले इमान्दार प्रयास नगरेको तथा गरेकाले समेत दण्डित हुनुपर्ने अवस्था रहेकाले पूँजीगत खर्चमा समस्या देखिएको उहाँको भनाइ छ।

उहाँले प्रक्रियागत झन्झट तथा फाइल घुमिरहने प्रवृत्तिको सुधारका लागि अनलाइन प्रणाली सञ्चालनसम्बन्धी कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आउने क्रममा रहेको बताउनुभयो। बजेटको अर्धवार्षिक समीक्षा गर्दै उहाँले पूर्णरूपमा बजेट खर्च नहुने उल्लेख गर्नुभयो। कूल विनियोजित बजेटमध्ये रु १५ खर्ब ४६ अर्ब २८ करोड बराबरको खर्च हुने संशोधित अनुमान अर्थमन्त्रीले प्रस्तुत गर्नुभयो। जुन विनियोजित बजेटको ९४.७ प्रतिशत मात्रै हो। गत असोजमा प्रतिस्थापन विधेयकमार्फत अर्थमन्त्री शर्माले बजेटको आकार रु १६ खर्ब ३२ अर्ब बराबरको तय गर्नुभएको थियो।

उहाँले चालु आवमा चालु खर्च रु १० खर्ब ३५ अर्ब ४६ करोड, पूँजीगत खर्च र रु तीन खर्ब ४० अर्ब ३२ करोड ९० र वित्तीय व्यवस्थापनमा रु एक खर्ब ७० अर्ब ४९ करोड अर्थात् विनियोजित बजेटको ९० प्रतिशत खर्च हुने अनुमान सुनाउनुभयो।

उहाँले पूर्णरूपमा तयारी नगरी बजेट ल्याउँदा पूँजीगत खर्च हुन नसकेको उल्लेख गर्नुभयो। उहाँले बजेट निर्माणको तरिका नै बदल्नुपर्ने पक्षमा आफू रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "कस्तो आयोजना प्रदेशले बनाउने हो र कस्ता सङ्घ र स्थानीय तहले बनाउने हो त्यसमा स्पष्ट मापदण्ड आवश्यक छ।" अर्थमन्त्रीले हाल नेपालमा क्रिप्टोकरेन्सी, हाइपर फण्ड, अनलाइन गेमिङलगायतका अवैध कारोबारको चुनौतीलाई रोक्न सरोकारवाला सबैको साथ र सहयोगको आवश्यकता औँल्याउनुभयो।

विज्ञान प्रविधिको गैरकानूनी प्रयोगमार्फत भइरहेको मुद्राको पलायन रोक्न सरकारले आवश्यक रणनीतिका साथ काम गरिरहेको उहाँको भनाइ छ। नेपाल राष्ट्र बैंक, राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण विभागले पनि यसमा काम गरिरहेको उहाँको भनाइ थियो।

यस्तै वैदेशिक मुद्राको सञ्चितिमा परेको चापलाई कम गर्न विभिन्न नीतिगत उपाय अबलम्बन गरिएको तथा गैरआवासीय नेपाली नागरिकलाई अमेरिकी डलरलगायत विभिन्न आठवटा विदेशी मुद्रामा नेपालमा खाता खोल्न सक्ने व्यवस्था गरिएको अर्थमन्त्रीको भनाइ थियो।

यस्तै चालु आवको बाँकी अवधिमा बजेट कार्यान्वयनको संशोधित कार्ययोजना बनाई कार्यान्वयन गर्ने एवं कार्य सम्पन्न भएका आयोजनाको बाँकी दायित्व तत्काल भुक्तानी दिने व्यवस्था मिलाइने भएको छ। वैदेशिक सहायताको अनुदान तथा ऋण परिचालन गर्न सबै कार्य पूरा गरी वैदेशिक स्रोतको अधिकतम परिचालन गर्ने र वैदेशिक सहायताको कार्यान्वयनमा देखिएको समस्या समयमै समाधान गरिनेछ।

नगद प्रवाहको नियमित विश्लेषण गरी आवश्यकतानुसार बजेटमा अनुमान गरिएको सीमाभित्र आन्तरिक ऋण परिचालन गर्ने सरकारको लक्ष्य छ।

### *स्वास्थ्य संस्थालाई ...*

नगरपालिका वडा नं. ५ सेभ द सप्तरीको कार्यक्षेत्रमा रहेका विद्यालयमा अध्ययनरत बालबालिकाहरुको लागि विद्यार्थीहरुको संख्याको आधारमा स्वास्थ्य सामग्री बितरण समेत गरिएको छ ।

जिल्लाको बिष्णुपुर गाउँपालिकालाई ३ सय १० थान साबुन, १४ हजार ५ सय ९५ पिस सर्जिकल मास्क, १४ हजार ५ सय ९५ पिस बेबी मास्क र १९ थान ५ लिटरको निर्मलिकरण झोल बितरण गरिएको छ।

सो कार्यक्रममा तिलाठी कोइलाडी स्वास्थ्य चौकीका इन्चार्ज रामअवतार साह, सेभ द सप्तरीका कार्यक्रम संयोजक संतोष यादव, फिल्ड अधिकृत बिदया मंडल, बिष्णुकान्त देव लगायत सेभ द सप्तरीका कार्मचारीहरुको उपस्थित रहेको थियो।

### *कांग्रेस स्थानीय ...*

व्यवस्थापन सम्बन्धी, नयाँ क्रियाशील सदस्यता वितरण सम्बन्धी, केन्द्रीय अनुशासन समिति गठन सम्बन्धमा र बाँकी जिल्ला (क्षेत्र र पालिका समेतको) अधिवेशनको नयाँ मिति घोषणा गर्न केन्द्रीय निर्वाचन समितिलाई आग्रह गर्ने सम्बन्धी प्रस्ताव प्रस्तुत गरिएका छन्।

प्रधानमन्त्री एवं पार्टी सभापति शेरबहादुर देउवाको अध्यक्षतामा भएको बैठकमा केन्द्रीय कार्यसम्पादन समितिका सदस्य गोपालमान श्रेष्ठ, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, डा शशाङ्क कोइराला, डा रामशरण महत, सुनिलबहादुर थापा, बलबहादुर केसी, उमा रेग्मी, रमेश रिजाल, डा नारायण खड्का, जीपछिरिङ लामा र आनन्दप्रसाद ढुङ्गानाले आ-आफ्नो धारणा राख्नुभएको थियो। बैठक शुक्रबार दिउँसो २ बजे पुनः बस्ने पौडेलले जानकारी दिनुभयो।

# खोपको २४ लाख मात्रा हराएको छैन : स्वास्थ्यमन्त्री खतिवडा

काठमाडौं, २८ माघ (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले कोरोना भाइरसविरुद्धको खोपको २४ लाख मात्रा नहराएको बताउनुभएको छ। मन्त्री भएको एक सय दिन पुगेको अवसरमा आज मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उहाँले खोप हराएको नभइ तथ्याङ्क नआएको उल्लेख गर्नुभयो।

"खोपको २४ लाख मात्रा हराएको होइन, हामीले खोप लगाउनका लागि प्रदेश, जिल्ला, स्थानीय तह हुँदै टोलटोलमा स्वास्थ्यकर्मी खटाएका थियौँ", मन्त्री खतिवडाले भन्नुभयो, "टोलटोलमा गएर लगाएको तथ्याङ्क नआएको मात्र हो।" उहाँले खोप लगाउँदा केही मात्रा खेर गएकाले पनि तथ्याङ्क नमिलेको बताउनुभयो।

"एउटा डब्बामा रहेको खोपको १० मध्ये आठ मात्रा लगाइयो र बाँकी दुई मात्रा खोप त्यही दिन लगाइन भने त्यो खेर जान्छ" उहाँले भन्नुभयो, "त्यसकरी पनि खोपको मात्रा खेर गइरहेको छ।" हराएको खोपको सम्बन्धमा मन्त्रालयले प्रमुख विशेषज्ञ डा गुणराज लोहनीको संयोजत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको र चाँडै नै हराएको खोपका बारेमा जानकारी दिने मन्त्री खतिवडाको भनाइ थियो।




# विश्व समाचार

## नर्वे र टर्कीको छिट्टै तालिवानसँग वार्ता गर्ने योजना

ओस्लो, नर्वे, २८ माघ (रासस-एएनआई)।

नर्वे र टर्कीले निकट भविष्यमा अफगानिस्तानमा तालिवानसँग वार्ता गर्ने अपेक्षा गरिएको स्पुतनिक समाचार एजेन्सीले अफगान मिडियालाई उद्धृत गर्दै जनाएको छ।

तालिबानका स्रोतलाई उद्धृत गर्दै सञ्चारमाध्यमले टर्कीको बैठक इस्तानबुलमा हुने जानकारी दिएका छन्। यस वर्ष जनवरी २३ देखि जनवरी २५ सम्म तालिबानका विदेशमन्त्री अमिर खान मुत्ताकीको नेतृत्वमा तालिवान प्रतिनिधिमण्डलले राज्यको निमन्त्रणामा नर्वेको राजधानीको औपचारिक भ्रमण गरेको स्पुतनिकले रिपोर्ट गरेको छ। प्रतिनिधिमण्डलले अमेरिका, ईयु, फ्रान्स, जर्मनी, इटाली, नर्वे र बेलायतका विशेष प्रतिनिधि र राजदुतसँग भेटघाट गरेको थियो। मुत्ताकीले भ्रमण सफल भएको बताउँदै प्रतिनिधिमण्डलले नर्वेजियन सरकारको आतिथ्य र विश्वासको सुदृढीकरणमा गरेको योगदानका लागि धन्यवाद दिएका छन्।

कतार र टर्कीले तालिबान सत्तामा आएपछि गत वर्ष अराजक जनस्वास्थ्य र विदेशी सेनाको फिर्ताको क्रममा भत्किएको काबुल एयरपोर्टको व्यवस्थापन गर्न जनादेश खोजिरहेका छन्। कट्टरपन्थी आन्दोलनले कतार र टर्कीबाट प्राविधिक सहयोग लिन सहमत भए पनि विमानस्थलको व्यवस्थापनको जिम्मा एक्लै लिन चाहन्छ। वार्ता अगस्टदेखि जारी छ। तालिबानले गत वर्ष अगस्टको मध्यमा काबुललाई आफ्नो नियन्त्रणमा लिएको थियो।

## युक्रेनमा रहेका अमेरिकीहरूलाई देश छोड्न अमेरिकाको आग्रह

वासिङ्टन, अमेरिका, २८ माघ (रासस-एएनआई)।

संयुक्त राज्य अमेरिकाले युक्रेनमा रहेका अमेरिकीहरूलाई जति सक्दो चाँडो देश छोड्न आग्रह गरेको छ। विदेश मन्त्रालयले पछिल्लो घटनाक्रमको विश्लेषण गर्दै सो आग्रह गरेको हो।

"रूसी सैन्य कारबाही र कोभिड-१९ को बढ्दो खतराका कारण युक्रेनमा यात्रा नगर्नुहोस, युक्रेनमा रहेकाहरूले अब व्यावसायिक वा निजी माध्यमबाट प्रस्थान गर्नुपर्छ। यदि युक्रेनमा बाँकी छ भने, अपराध, नागरिक अशान्ति, र सम्भावित लडाईका कारण सावधानी बढाउनुहोस्। केही क्षेत्रमा जोखिम बढेको छ,' सो आग्रहमा जनाइएको छ।

जनवरी २३ मा विदेश मन्त्रालयले अमेरिकी कूटनीतिज्ञहरूका परिवारका सदस्यहरू र प्रत्यक्ष काममा काम गर्ने कर्मचारीहरूलाई बाहिर निकाल्ने अनुमति दिएको थियो। अप्रत्याशित सुरक्षा अवस्थाका कारण युक्रेनमा रहेका अमेरिकी नागरिकहरूले तुरुन्तै प्रस्थान गर्नेबारे विचार गर्न पनि विदेश मन्त्रालयले सिफारिस गरेको छ।

यसैबीच, पेन्टागनका प्रेस सेक्रेटरी जोन किर्बीको घोषणापछि ८२ औं एयरबोर्न डिभिजनबाट अमेरिकी सैनिकहरूको पहिलो समूह फेब्रुअरी ५ मा पोल्याण्ड आइपुगेको थियो।

यसअघि किर्बीले रुससँग बढ्दै गएको तनावका बीच अमेरिकाले युरोपमा अस्थायी रूपमा थप सेना तैनाथ गर्ने बताएका थिए। तैनातीमा पोल्याण्डमा पठाइने १,७०० सैनिकहरू र जर्मनीमा रहेका १,००० अमेरिकी कर्मचारीहरूलाई रोमानियामा सारिनेछ र थप ८,५०० सेनाहरू "नेटो प्रतिक्रिया बल बोलाइएमा सार्न तयार रहनेछन्," किर्बीले भनेका थिए।

## बन्दुकधारीद्वारा लिबियाका प्रधानमन्त्रीको गाडीमा आक्रमण

त्रिपोली, लिबिया, २८ माघ (रासस-एएनआई/सिन्ह्वा)।

अज्ञात बन्दुकधारीहरूले बिहीबार राजधानी त्रिपोलीमा लिबियाका प्रधानमन्त्री अब्दुल-हमिद दबेबाहको काफिलेमा आक्रमण गरेको लिबियाको आन्तरिक मन्त्रालयले जनाएको छ।

मन्त्रालयका प्रवक्ता अब्दुलमेनेम अल-अरबीले एक विज्ञप्तिमा भने, "आज अघि, प्रधानमन्त्रीको काफिलेलाई सुक अल-जुमा जिल्ला (मध्य त्रिपोली) मा लाइसेन्स प्लेट बिनाको गाडीमा सवार व्यक्तिहरूले सशस्त्र आक्रमणको शिकार बनाएको थियो"। आक्रमणमा कुनै हताहत नभएको पुष्टि गर्दै अल-अरबीले "देशको राजनीतिक घटनाक्रम" विरुद्धको विरोधपछि उक्त घटना भएको बताएका छन्।

"आन्तरिक मन्त्रालयले यस आपराधिक कार्यको निन्दा गर्दछ," प्रवक्ताले भने, "अपराधीहरूलाई न्यायको दायरामा ल्याउन अनुसन्धान भइरहेको छ।" प्रतिनिधिसभा (संसद्)ले फाथी बाशाघालाई देशको नयाँ प्रधानमन्त्रीका लागि सर्वसम्मतिले मतदान गरेको केही घण्टापछि विज्ञप्ति जारी गरिएको हो। यद्यपि, डेबिबाले मङ्गलबार उनको चुनाव नभएसम्म पदमा रहने र "निर्वाचित सरकारलाई मात्र शक्ति हस्तान्तरण गर्ने" बताएका थिए। उत्तर अफ्रिकी देशमा वर्षौंदेखिको राजनीतिक विभाजनको अन्त्य गर्दै गत वर्ष फेब्रुअरीमा संयुक्त राष्ट्र प्रायोजित लिबियाको राजनीतिक संवाद मञ्चले डबेबाहको राष्ट्रिय एकताको सरकारलाई नियुक्त गरेको थियो।

लिबियाको संसद्ले गत वर्ष सेप्टेम्बरमा डबेबाहको सरकारबाट विश्वास फिर्ता लिएको थियो र यसलाई कामचलाउ सरकारको रूपमा राखेको थियो। लिबियामा गत वर्ष डिसेम्बर २४ मा आम चुनाव हुने भनिएको थियो तर प्राविधिक र कानुनी कारणले अनिश्चितकालका लागि स्थगित गरिएको थियो।

# सर्वोच्च अदालतले फागुन १ गतेदेखि सबै सेवा सञ्चालन गर्ने

काठमाडौं, २८ माघ (रासस)। सर्वोच्च अदालतले आगामी फागुन १ गतेदेखि नियमित रूपमा सबै प्रकारका सेवा सञ्चालन गर्ने भएको छ।

सर्वोच्च अदालतको बिहीबार बसेको पूर्ण बैठक (फुलकोर्ट)ले आगामी फागुन १ गतेदेखि सबै प्रकारका सेवा सञ्चालन गर्ने निर्णय गरेको अदालतका प्रवक्ता बाबुराम दाहालले जानकारी दिनुभयो। यसअघि यही माघ ४ गते बसेको पूर्ण बैठकले माघ ५ गतेदेखि कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएपछि आफ्नो सेवा कटौती गर्ने निर्णय गरेको थियो।

सो अवधिमा बन्दीप्रत्यक्षीकरण तथा कोभिड महामारीसँग सम्बन्धित, अत्यन्त जरूरी प्रकृतिका जीवन र जनस्वास्थ्य तथा सार्वजनिक महत्वका मौलिक हकसँग सम्बन्धित रिट निवेदनको मात्र नियमित रूपमा सुनुवाइ भएको थियो। उक्त अवधिमा मुद्दा फिर्ता, तामेली एवम् मिलापत्रसम्बन्धी कामकारबाही नियमित रूपमा सञ्चालन हुने, मुलुकी फौजदारी कार्यविधिअनुसार थुनुवा रहेका व्यक्तिको निवेदन तथा प्रतिवेदनउपर सुनुवाइ भएका थिए। अब आइतबारदेखि सबै प्रकारका सेवा सञ्चालन हुनेछन्।

# त्रिविको परीक्षा र कक्षा फागुन १ गतेदेखि सञ्चालन गर्न निर्देशन

काठमाडौं, २८ माघ (रासस)। त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले सबै क्याम्पसलाई आगामी फागुन १ गतेदेखि स्थगित गरिएका परीक्षा र कक्षा सम्भव भएसम्म भौतिक उपस्थितिमा सञ्चालन गर्न निर्देशन दिएको छ।

त्रिविको कार्यकारी परिषद्को बैठकले कोरोना भाइरस सङ्क्रमणले रोकिएका परीक्षा सञ्चालन र सम्भव भएसम्म भौतिक उपस्थितिमै कक्षा सञ्चालन गर्न निर्देशन दिएको त्रिविको सूचना तथा जनसम्पर्क महाशाखा प्रमुख योगेन्द्रप्रसाद दाहालले जानकारी दिनुभयो। क्याम्पस/विभाग/स्कुलमा विद्यार्थीको प्रत्यक्ष कक्षा सञ्चालनको अनिवार्यतालाई विचार गरी त्रिविले स्थानीय तहको समन्वयमा तोकेको समयसीमा र स्वास्थ्य मापदण्डभित्र रही जोखिम नियन्त्रणका लागि पूर्वतयारी एवं सतर्कता अवलम्बन गर्दै सम्भव भएसम्म भौतिक उपस्थितिमै कक्षा सञ्चालन गर्न निर्देशन दिएको उहाँले बताउनुभयो।

कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएपछि त्रिविले माघ पहिलो हप्तादेखि सञ्चालन हुने परीक्षा स्थगन गरेको थियो। यसअघि सरकारले पनि फागुन १ गतेदेखि विद्यालय तहको कक्षा सञ्चालन गर्न निर्देशन दिइसकेको छ।

# एक हजार १ सय २८ संक्रमित थपिए


**दैनिक समाचारदाता**
**काठमाडौं, २८ माघ।**

नेपालमा एक हजार १ सय २८ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ।

पछिल्लो २४ घन्टामा कुल २० हजार ९८९ नमूनाको परीक्षण गर्दा सो संख्यामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

सक्रिय संक्रमितको संख्या २७ हजार ४४१ पुगेको छ। सक्रिय संक्रमितमध्ये २६ हजार ४५० होम आइसोलेसन, ९९१ संस्थागत आइसोलेसन, २०६ आइसियू र ३६ जना भेन्टिलेटरमा रहेका छन् भने शुक्रबार दुई हजार २ सय १५ जना संक्रमणमुक्त भएका छन्।

यस्तै कोरोना संक्रमणबाट १४ जनाले ज्यान गुमाएका छन्। नेपालमा हालसम्म कोरोना संक्रमणबाट ज्यान गुमाउनेको संख्या ११ हजार ८ सय ७८ पुगेको छ।


अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी


# नेता थापाले अलग्गै पार्टी खोल्ने



विराटनगर, २८ माघ (रासस)। राष्ट्रिय प्रजातन्त्र पार्टीका पूर्वअध्यक्ष कमल थापाले राप्रपाबाट अलग्गै रही नयाँ पार्टी स्थापना गर्ने बताउनुभएको छ। विराटनगर विमान स्थलमा सञ्चारकर्मीहरूसँगको भेटघाटमा उहाँले राप्रपा पार्टीमा आफ्नो ३१ बर्षको लगानी रहेको, रगत र पसिना बगाएको प्रसङ्ग पनि उल्लेख गर्नुभयो।

उहाँले पार्टीको महाधिवेशनपछि नयाँ नेतृत्वलाई सहयोग गर्ने चाहना हुँदाहुँदै पनि नेतृत्वलाई सैद्धान्तिक र साङ्गठनिक विषयमा दिएको सुझावलाई बेवास्ता गरेकाले नयाँ पार्टी खोल्ने धारणा राख्नुभयो। साथीहरूसँग परामर्श गरेर फागुनको पहिलो हप्तामा नै निर्वाचन आयोगमा पार्टी दर्ता गराउने उद्घोष गर्दै नेता थापाले नयाँ पार्टीले हिन्दू राष्ट्र, सुशासन र समृद्धिको एजेन्डा बोक्ने बताउनुभयो। उहाँले आफूले बोकेको विचारलाई अलपत्र पारेर नछाड्ने भन्दै पार्टीभित्र लाचार र अपमानित भएर बस्नुभन्दा अलग्गै पार्टी खोल्नेमा जोड दिनुभयो।

स्नेह, सद्भाव देखाउने तर माग सम्बोधन गर्न नसक्ने राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले स्पष्ट पारेको भन्दै नेता थापाले राजालाई साझा अभिभावक र संवैधानिक राजाका रूपमा हेर्न चाहेको बताउनुभयो।

उहाँले एमसिसी आफैंमा आपत्तिजनक नरहेको र यसका विषयमा आएका प्रश्न र आशङ्का विषयमा सरकारले स्पष्ट पार्नुपर्ने भन्दै आर्थिक सहयोग लिन सकिने एमसिसीबाट कुनै नोक्सानी नहुने धारणा राख्नुभयो। उहाँले यस विषयमा बढीभन्दा बढी राजनीतिक दललाई सहमति गराएर पास गर्नुपर्ने विचार व्यक्त गनुभयो।

# बढ्यो दूधको उपभोक्ता मूल्य

काठमाडौं, २८ माघ (रासस)। सरकारको स्वामित्वमा सञ्चालित दुग्ध विकास संस्थान (डीडीसी) ले दूधको उपभोक्ता मूल्य बढाएको छ। बिहीबार पत्रकार सम्मेलन गर्दै डीडीसीले प्रतिलिटर दूधको मूल्य रु नौ बढाइएको जनाएको हो।

यसअघि दूधको उपभोक्ता मूल्य प्रतिलिटर रु ७६ रहेकोमा शुक्रबारदेखि) बढेको मूल्य लागू भएर प्रतिलिटर रु ८५ हुने भएको छ। डीडीसीको बुधबार बसेको सञ्चालक समितिको बैठकले दूधको मूल्य प्रतिलिटर रु ८५ निर्धारण गर्ने निर्णय गरेको थियो।

बोर्डको निर्णयअनुसार डीडीसीले देशभर तीन थरी मूल्य निर्धारण गरेको छ। काठमाडौं उपत्यकासहित बिराटनगर हेटौंडा र जनकपुरमा प्रतिलिटर रु ८५, बुटवल भैरहवामा प्रतिलिटर रु ८१ र नेपालगञ्ज तथा धनगढी क्षेत्रमा प्रतिलिटर रु ७९ मूल्य कायम हुनेछ। यसअघि काठमाडौँमा रु ७६, बुटवल भैरहवामा रु ७२ र नेपालगञ्ज क्षेत्रमा रु ७० तोकिएको थियो। बढेको नयाँ मूल्यअनुसार ६ रुपैयाँ ५२ पैसा किसानका लागि तथा प्रतिलिटर रु दुई ४८ पैसा उद्योगीले पाउनेछन्।

यसअघि गत माघ १७ गते बसेको मन्त्रिपरिषद्को बैठकले किसानका लागि प्रतिलिटर ६.५२ रुपैयाँ वृद्धि गरी ५६.०४ रुपैयाँ निर्धारण गरेको थियो। त्यसअघि किसानले बेच्ने दूधको मूल्य प्रतिलिटर ४९.५२ रुपैयाँ थियो। किसानका लागि तथा उपभोक्ताका लागि बढेको दूधको मूल्य शुक्रबारदेखि लागू हुने डीडीसीले जनाएको छ।


तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?

- बाल विवाह
- अनमेल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाइजो विवाह
- दवाब विवाह

विचार गर्नुस,

के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit · City Express · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*